संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक -५५

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १०:५९ बजे*
*बैठक स्थगित : ११:१५ बजे*

२०७९ भदौ २९, बुधबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **पचपन्नौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान १०:५९** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयो:

**माननीय गोपाल भट्टराई**ले डेङ्गु रोगको उपचार र नियन्त्रणका निम्ति प्रभावकारी कदम चाल्न सरकार समक्ष आग्रह गर्नुभयो ।

**माननीय देवेन्द्र दाहाल**ले मिटरब्याजीको समस्याको समाधान गर्न सरकारको ध्यानाककर्षण गराउनुहुँदै देशमा सिटामोलको अभाव रहेकाले यसको यथाशीघ्र व्यवस्थापनको माग गर्नुभयो ।

**माननीय माया प्रसाद शर्मा** डेङ्गु रोग नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराउनुहुँदै बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपजन्य विपद व्यवस्थापन गर्न सरकार समक्ष माग गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण सम्बन्धी प्राप्त पत्रहरूको ब्यहोरा देहाय बमोजिम जानकारी गराउनभयो:

"**क.** संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमको विधेयक सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | खानेपानी तथा सरसफाइ विधेयक, २०७९ | २०७९/५/२१ |

(यादवप्रसाद कोइराला)
सचिव
२०७९/५/२१ "

ख. संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरू सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रतिहरू थान ५ (पाँच) यसैसाथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | तथ्याङ्क सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | २०७९/५/२८ |
| २. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/५/२८ |
| ३. | प्रत्यायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/५/२८ |
| ४. | सार्वजनिक पदधारण गर्ने व्यक्तिको शपथ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/५/२८ |
| ५. | योगमाया आयुर्वेद विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/५/२८ |

(यादव प्रसाद कोइराला)
सचिव
२०७९/५/२८ ”

त्यस लगत्तै सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९” लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभएपछि राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले उक्त विधेयक टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति डा. बेदुराम भुसाललाई “पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६” सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय डा. बेदुराम भुसालले उक्त प्रतिवेदन पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्माको तर्फबाट माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बीमा विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बीमा विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्माको तर्फबाट माननीय कृषि तथा

पशुपंक्षी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को **२०७९ साल भदौ ३० गते बिहीबार अपराह्न २:५९ बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव